दर्ता नं. : ११८१५९/२०७०/०७१

इजाजत नं.: ने.रा.बैंक/इ.प्रा./"घ"/३९/०७१/७२

# उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लि.

## Unnati Sahakarya Laghubitta Bittya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था

प.स.च.नं. ५१२ / २०७८/०७९ मिति : २०७८/०९/०४

श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा काठमाण्डौ. ।

**विषयः शेयरधनी दाखिल खारेज बन्द गर्ने बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा, यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७८/०९/०३ मा बसेको १७६औ बैठकको निर्णय अनुसार आगामी मिति २०७८/०९/२८ मा हुने सातौं वार्षिक साधारण सभाको प्रयोजनको लागि शेयरधनी दर्ता पुस्तिका बन्द सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय भएको व्यहोरा अनुरोध छ ।

वित्तीय संस्थाको सञ्चालक समितिको निर्णय बमोजिम मिति २०७८/०९/१४ गते १ दिन शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने निर्णय गरेको तथा सो मिति भित्र दाखिल खारेज भएका शेयरधनीहरुले वार्षिक साधारण सभामा भाग लिन,मतदान गर्न का लागि योग्य हुने छन् ।

भवदीय,

नारायण अधिकारी
कम्पनी सचिव

कम्पनी सचिव

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग बालुवाटार काठमाण्डौं ।
२. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिबेक्षण विभाग बालुवाटार काठमाण्डौं ।
३. श्री नेपाल धितोपत्र बोर्ड खुमलटार ललितपुर ।
४. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक काठमाण्डौं ।
५. श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौं ।
६. श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायण चौर नक्साल काठमाण्डौं

केन्द्रीय कार्यालय, ठेगाना : सिद्धार्थनगर नगरपालिका–१२, रुपन्देही, फोन नं. :०७१–५२११२७,०७१–५२११२ ६ फ्याक्स नं. : ०७१–५२११२७

"उन्नति लघुवित्त वित्तीय संस्था लिमिटेडले सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडलाई गाभेको"

दर्ता नं. : ११८१५९/२०७०/०७१ इजाजत नं.: ने.रा.बैंक/इ.प्रा./"घ"/३९/०७१/७२

# उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लि.

## Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था

केन्द्रीय कार्यालय सिद्धार्थनगर नगरपालिका - १२, रुपन्देही

फोन नं. ०७१-५७११२६/५७११२८

**सातौं वार्षिक साधारण सभाको सूचना**

(प्रथम् पटक सूचना प्रकाशित मिति २०७८/०९/०५)

**आदरणीय शेयरधनी महानुभावहरु,**

मिति २०७८/०९/०३ गते शनिबार विहान ११.०० बजे बसेको यस वित्तीय संस्थाको सञ्चालक समितिको १७६औं बैठकको निर्णय अनुसार देहायका मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्नको लागि यस वित्तीय संस्थाको सातौं वार्षिक साधारण सभा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१) सभा हुने मिति , समय र स्थान :**

मिति : २०७८ साल पौष महिना २८ गते बुधवार, (तद्नुसार १२ जनवरी, २०२२)
समय : विहान ११.०० बजे
स्थान : होटल मौर्या सि.नं.पा. १३ रुपन्देही (भैरहवा) ।

२) छलफलका विषयहरु :

क) सामान्य प्रस्तावहरु:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७७/७८ को प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायत वित्तीय विवरणमा छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन,२०६३ को दफा १११ बमोजिम आ.व.२०७८/०७९ को लागि लेखा परीक्षक नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने ।

ख) विशेष प्रस्तावहरु:

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम, २०७८ आषाढ मसान्तसम्म कायम रहेको चुक्ता पूँजीको ३०% (तिस प्रतिशत) रु.५,२८,५०,९११।९१(अक्षरुपी पाँच करोड अठाईस लाख पचास हजार नौ सय एघार रुपैया एकान्वे पैसा मात्र) बोनस शेयर स्वीकृत गर्ने ।

(२) विशेष प्रस्तावको नं १ बमोजिम बोनस शेयर बाँडफाँड पश्चात सर्वसाधारण सेयर स्वामित्व अनुपात ३० प्रतिशत कायम गर्न रकम रु. १,७८,४५,११८।०३ (अक्षरुपी

कम्पनी सचिव

एक करोड अठहत्तर लाख पैतालिस हजार एक सय अठार पैसा तीन मात्र) बराबरको पुन, सर्बसाधारणलाई धितोपत्रको थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) जारी गर्ने प्रस्ताव पारित गर्ने ।

(३) विशेष प्रस्तावको नं १ र २ बमोजिम बोनस शेयर बाँडफाँड पश्चात तथा थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) जारी पश्चात, पूँजी बृद्धि गरी जारी तथा चुक्ता पूँजी रु.२४,६८,६५,७३६।३२ (अक्षरुपी चौविस करोड अडसठ्ठी लाख पैसठ्ठी हजार सात सय छतिस पैसा तीन दुई मात्र), अधिकृत पूँजी रु. ५०,००,००,०००।- (अक्षरुपी पचास करोड मात्र) कायम गर्ने र सोही अनुसार प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

(४) प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

(५) सञ्चालकको भत्ता तथा सुविधा बृद्धि गर्ने ।

(६) भविष्यमा वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय सस्थाहरुलाई गाभ्ने वा संस्थाहरुसंग गाभिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ती गर्ने/प्राप्ती हुन जाने (Acquisition) प्रयोजनार्थ उपयुक्त देखिएमा सो संग सम्बन्धित आवश्यक सम्पूर्ण कार्वाही अगाडि बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ग) विविध ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७८/०९/१४ गते १ (एक) दिन वित्तीय संस्थाको शेयर दाखिल खारेज बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७८/०९/१३ गते सम्म कारोबार भई शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन योग्य हुनेछन् ।

२. कोभिड–१९ को कारण हुन सक्ने संक्रमणको जोखिम र नेपाल सरकार स्वास्थ्य मंत्रालयले जारी गरेको निर्देशन समेतलाई मध्यनजर गर्दै वार्षिक साधारण सभामा भौतिक रुपमा उपस्थित हुन नसक्ने शेयरधनी महानुभावहरुलाई भिडियो कन्फेन्सको माध्यमबाट सभामा भाग लिने व्यवस्था मिलाईएको छ ।

३. वार्षिक साधारण सभामा सहभागी हुन ईच्छुक शेयरधनीहरुले भौतिक रुपमा उपस्थितिको हकमा मिति २०७८/०९/२६ गते सोमबार भित्र तथा भिडियो कन्फेन्सको मार्फत उपस्थिति जनाउन सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै आफ्नो नाम तथा शेयरधनी नं. वा डिम्याट नं. यस संस्थाको टेलिफोन नं. ०७१–५७११२६/५७११२८ मा सम्पर्क गरि टिपाउनु हुन अनुरोध छ ।

कम्पनी सचिव

४. भिडियो कन्फेन्सको मार्फतबाट उपस्थित हुनको लागी यस संस्थाको वेबसाईट www.unnatislbs.com मा लिन्क राखिनेछ ।

५. सभा शुरु हुनु भन्दा १५ मिनेट अगाडि भिडियो कन्फेन्स खुल्ला गरिनेछ ।

६. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान १० :०० बजे देखि खुल्ला रहनेछ ।

७. कम्पनी ऐन, २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको रजिष्टर्ड कार्यालय, सिद्धार्थनगर नगरपालिका - १२, रुपन्देहीबाट उपलब्ध गराउन सकिने व्यहोरा जानकारी गराईन्छ । उल्लेखित विवरण वित्तीय संस्थाको वेभसाइट ठेगाना www.unnatislbs.com मार्फत हेर्न सक्नुहुनेछ । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सूचना साथ संलग्न प्रवेशपत्रको साथै शेयर प्रमाणपत्र/निक्षेप सदस्यको बी.ओ.आई.डि.,नम्बर,आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

८. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै अर्थात मिति २०७८ साल पौष २६ गते विहानको ११.०० बजे भित्र वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, सिद्धार्थनगर नगरपालिका - १२, रुपन्देहीमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।

९. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी भिडियो कन्फेन्स मार्फत उपस्थित भएमा दिइएको प्रोक्सी स्वतः वदर हुनेछ ।

१०. एकै शेयरधनीले एक भन्दा वढि प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा जुन मुकरित प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो एक मात्र मान्य हुनेछ र सो बाहेकको प्रोक्सी मान्य हुने छैन ।

११. प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ ।

१२. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधी तोक्न सक्नु हुनेछ ।

१३. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपले वा समितीबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन्।

१४. छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्वन्धमा शेयरवाला महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सो विषय वारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अघि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत कम्पनीको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ । जसबाट त्यस्तो विषयमा आवश्यक पूर्व तयारी गर्न सजिलो हुने छ ।

१५. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरुले यथाशक्य झोला प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ ।

१६. कोभिड १९ को जोखिमबाट बच्न सभामा भाग लिने सम्पूर्ण शेयरधनी महानुभावहरुले सो सँग सम्बन्धित स्वास्थ्यका मापदण्डहरु पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

१७. अन्य जानकारीका लागि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय सिद्धार्थनगर नगरपालिका १२, रुपन्देहीमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

कम्पनी सचिव